आज मिति २०८३ साल श्रावण २३ गते शनिबारको दिन दिउसो २:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८३/८४ को दोस्रो कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपालराज राई | अध्यक्ष | |
| २ | श्री देविता राई | उपाध्यक्ष | |
| ३ | श्री गणेश राई | वडाध्यक्ष | |
| ४ | श्री मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | श्री प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | श्री देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | श्री ईश्वर राई | वडाध्यक्ष | |
| ८ | श्री सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सागर राई | कार्यपालिका सदस्य | |
| १० | श्री रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | श्री शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| | आमन्त्रित | | |
| १ | श्री भद्र बहादुर राई | प्रशासन शाखा प्रमुख | |
| २ | श्री ज्ञान राज राई | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री भावना पराजुली | प्रशासन सहायक | |
| ४ | श्री प्रविन राई | योजना शाखा प्रमुख | |
| ५ | श्री खेम किरण राई | कार्यालय सहयोगी | |
| ६ | श्री केदार कुलुङ | कार्यालय सहयोगी | |

प्रस्तावहरु:

१. समिक्षा सम्बन्धमा।

२०८३/०४/२३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

२. **O&M** तेरिज तयार गरि मूल्यांकन तथा सहमतिको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यलयमा पेश सम्बन्धमा ।

३. विभिन्न कानून तथा कार्यविधिको अवधारणापत्र स्वीकृत सम्बन्धमा ।

४. कार्यपालिका अन्तर्गतका विभिन्न समिति खारेजी सम्बन्धमा ।

५. कार्यपालिका अन्तर्गतका विभिन्न नयाँ समिति गठन सम्बन्धमा ।

६. ठुलो योजनाको पुर्वतयारी तथा ठेक्का आह्वान सम्बन्धमा ।

७. वडास्तरका योजना संचालन सम्बन्धमा ।

८. विपद व्यवस्थापन सम्बन्धमा।

९.**Rodex Consult Pvt.Ltd.** को गत वर्षको दायित्व भुक्तानी सम्बन्धमा।

१०. बालली कृषक समुहबाट संचालित बहुउपयोगी कुटानी तथा पीसानी मिल लाई विद्युत जडानका लागि तार तथा आवश्यक सामाग्री खरिदका लागि आवश्यक रकम विनियोजन सम्बन्धमा।

निर्णयः

**१.समिक्षा सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं.१ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णय सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो ।

**२.O&M तेरिज तयारी गरि मूल्यांकन तथा सहमतिको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यलयमा पेश सम्बन्धमा।**

निर्णय नं. २ प्रस्ताव नं. २ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौंको च.न. १२६ मिति २०८३/०१/११ को पत्र अनुसार नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८३/०१/०२ को बैठकबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ स्वीकृत भएको मापदण्ड अनुसार सिलीचोङ गाउँपालिकाको **O&M** गर्नका लागि स्वीकृत तथा प्रक्रिया अगाडि बढाउन अनुमति तथा स्वीकृत दिने सिलीचोङ गाउँकार्यपालिकाको मिति २०८३/०२/१८ मा बसेको निर्णय बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को परिच्छेद-दुई दफा ७(इ) बमोजिम गठन भएको सर्वेक्षण समितिले आफ्नो जिम्मेवारी अनुरुपको कार्य सम्पादन गरिसकेकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेख गरेबमोजिमको संगठन संरचना तथा दरबन्दी तेरिज प्रमाणित गरी सभामा स्वीकृतिका लागि पेश गर्नुपूर्व मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेशमा सहमतिको लागि पठाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**३.विभिन्न कार्यविधिको अवधारणापत्र स्वीकृत सम्बन्धमा।**

२०८३/०४/२३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३ प्रस्ताव नं. ३ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाले पारित र लागु गरेका विभिन्न कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि तथा गाउँपालिकालाई आवश्यक तपशिल बमोजिमको कानून तथा कार्यविधिहरुको अवधारणा पत्र स्वीकृत गरी मस्यौदा तयारीको लागि कानून तर्जुमा तथा मस्यौदा समितिमा पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिल:

१. सिलीचोङ गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयकको अवधारणापत्र ।
२. सिलीचोङ गाउँपालिका बेरुजु फच्यौंट कार्यविधिको अवधारणापत्र ।
३. सिलीचोङ शिक्षा ऐन,२०८३,सिलीचोङ गाउँपालिका को दफा ८१ ले दिएको अधिकार बमोजिम सिलीचोङ शिक्षा नियमावली, विद्येयक अवधारणापत्र ।
४. सिलीचोङ गाउँपालिका जनस्वास्थ्य ऐन,२०८३ को दफा ७८ ले दिएको अधिकार बमोजिम विपन्न नागरिक उपचार सञ्चालन कोष सम्बन्धी विद्येयक अवधारणापत्र ।
५. सिलीचोङ गाउँपालिका वातावरण तथा सरसफाई ऐन,२०८३ को दफा ११६ ले दिएको अधिकार बमोजिम सिलीचोङ गाउँपालिकाको विपद् व्यवस्थापन,सडक सरसफाई तथा सडक हेरालु सञ्चालन सम्बन्धी विद्येयक अवधारणापत्र ।
६. विपाद सुनुवाई(उजुरी,कारबाही र किनारा) ऐन,२०८३ को दफा ८३ ले दिएको अधिकार बमोजिम मेलमिलाप तथा मेलमिलापकर्ता सञ्चालन सम्बन्धी विद्येयक अवधारणापत्र
७. पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३ को दफा ९७ ले दिएको अधिकार बमोजिम उपभोक्ता समिति संचालन तथा व्यवस्थापन कार्यविधिको विद्येयक अवधारणापत्र।

**४. कार्यपालिका अन्तर्गतका विभिन्न समिति खारेजी सम्बन्धमा ।**

**सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका कार्यपालिका अन्तर्गत तपशिल बमोजिमको विद्यामान विभिन्न विषयगत समितिहरु खारेज गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिल:

१. भौतिक तथा पूर्वाधार विकास समिति
२. सार्वजनिक सेवा तथा क्षमता विकास समिति
३. सामाजिक विकास समिति
४. विधेयक समिति
५. आर्थिक विकास समिति
६. वातावरण तथा विपद् व्यवस्थापन समिति ।

२०८३।०४।२३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

५.कार्यपालिका अन्तर्गतका विभिन्न नयाँ समिति गठन सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल गर्दा पब्लिक रिसर्च सेन्टर प्रा.ली. धनकुटाको सहयोगमा तयार भएको सिलीचोङ गाउँपालिकाको राजश्व सुधार योजना, २०८३ लाई अनुमोदन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्य संचालन तथा कार्यसम्पादन नियमावली, २०८३ को नियम १८ बमोजिम तपशिल बमोजिमको बिषयगत समिति गठन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिल:

सार्वजनिक सेवा तथा क्षमता विकास समिति:

| क्र.स. | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| १ | श्री प्रताप सिंह तामाङ | संयोजक |
| २ | श्री ईश्वर राई | सदस्य |
| ३ | श्री मन कुमारी राई | सदस्य |
| संयोजकले आवश्यकता अनुसार विषयगत शाखाका कर्मचारी तथा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ । | | |

सामाजिक विकास समिति:

| क्र.स. | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| १ | श्री मोहन शमशेर कुलुङ | संयोजक |
| २ | श्री सागर राई | सदस्य |
| ३ | श्री शारदा राई | सदस्य |
| संयोजकले आवश्यकता अनुसार विषयगत शाखाका कर्मचारी तथा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ । | | |

आर्थिक विकास समिति:

| क्र.स. | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| १ | श्री ईश्वर राई | संयोजक |
| २ | श्री लक्ष्मी वि.क. | सदस्य |
| ३ | श्री देबेन्द्र राई | सदस्य |
| संयोजकले आवश्यकता अनुसार विषयगत शाखाका कर्मचारी तथा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ । | | |

२०८३।०४।२३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

पूर्वाधार विकास समिति:

| क्र.स. | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| १ | श्री देबेन्द्र राई | संयोजक |
| २ | श्री सागर राई | सदस्य |
| ३ | श्री गणेश राई | सदस्य |
| संयोजकले आवश्यकता अनुसार विषयगत शाखाका कर्मचारी तथा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ । | | |

विधेयक समिति:

| क्र.स. | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| १ | श्री सन्तोष राई | संयोजक |
| २ | श्री प्रताप सिंह तामाङ | सदस्य |
| ३ | श्री रेविका रसाईली | सदस्य |
| संयोजकले आवश्यकता अनुसार विषयगत शाखाका कर्मचारी तथा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ । | | |

वातावरण तथा विपद् व्यवस्थापन समिति:

| क्र.स. | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| १ | श्री गणेश राई | संयोजक |
| २ | श्री मोहन शमशेर कुलुङ | सदस्य |
| ३ | श्री लक्ष्मी वि.क. | सदस्य |
| संयोजकले आवश्यकता अनुसार विषयगत शाखाका कर्मचारी तथा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ । | | |

**६. ठुलो योजनाको पुर्वतयारी तथा ठेक्का आह्वान सम्बन्धमा ।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ उपर छलफल यस आर्थिक वर्षको संघीय समपुरक तथा विशेष अनुदान र प्रदेश समपुरक अनुदान सँग गाउँपालिकाको साझेदारीमा संचालन हुने दिर्घकालिन महत्वका योजना तथा पालिका गौरवको योजनाहरुलाई भदौ मसान्त सम्म पूर्वतयारी तथा आवश्यक कागजात तयार गरी ठेक्का प्रक्रियामा लैजाने सर्वसहमतिले पारित गरियो ।

**७. वडास्तरका योजना संचालन सम्बन्धमा ।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको पूर्वाधार विकास(योजना संचालन तथा व्यवस्थापन) ऐन,२०८३ बमोजिम टोल विकास समिति तथा निर्माण उपभोक्ता समिति गठन गरी

२०८३/०४/२३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक प्रक्रिया अघि बढाउने तथा सो बमोजिम कार्यसम्पादन गर्न असम्भव भएमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**८. विपद व्यवस्थापन सम्बन्धमा।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ उपर छलफल विपद् व्यवस्थापन सम्बन्धमा तपशिल बमोजिमको निर्णय पारित गरियो ।

तपशिलः

१. सिलीचोङ गाउँपालिका वडा नम्बर १ सिसुवाखोलाको विभिन्न स्थानमा गत श्रावण १४ गते अविरल वर्षाको कारण सिर्जित बाढी तथा पहिरोको कारण नियमित पठनपाठन गर्न साविककै भवन र स्थानमा सम्भव नभएकोले कालिका माध्यमिक विद्यालय संचालन गर्नका लागि आम भेलाको उपस्थिति सहित मिति २०८३/०३/१८ मा बसेको विद्यालय व्यवस्थापन समित्रिको निर्णय तथा मिति २०८३/०३/२० गते बसेको वडा शिक्षा समितिको निर्णय र प्राविधिकले नाँपजाँच गरेको प्राविधिक लागत ईस्टिमेटको आधारमा वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत विपद राहत अनुदान शीर्षकबाट रु.६,५०,०००/- र विपद्बाट प्रभावितहरुलाई आकस्मिक पुर्नलाभ शीर्षकबाट रु.२,२०,९३९.९४ वरावरको रकम जस्ता पाता खरिद तथा ढुवानी गरी शैक्षिक पठनपाठन सुचारु गर्ने वातावरण सिर्जना र कार्यान्वयन गर्नका लागि तत्काल १ नम्बर वडा कार्यालयलाई जानकारी साथ निर्देशन दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

२. ईलाका प्रहरी कार्यालय याफु संखुवासभाको भान्सा घर ( मेश ) मर्मतको लागि वडा कार्यालयको सिफारिस सहितको निवेदन प्राप्त भएकोले उक्त भान्सा घर प्राविधिक लागत ईस्टिमेट तथा सर्जमिन मुचुल्काको आधारमा आगलागी तथा बिपद्बाट प्रभावित लाभग्राहीहरुको आवास निर्माण शीर्षकबाट रु.१,००,०००/- खर्च गरी पुननिर्माण गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

३. वडा नम्बर २ बाला साविक बाला गा.वि.स. १ नम्बर वडा माक्सु टोलमा रहेको लेक्लेङ्मा सिंचाई कुलो र पौखमटार माक्सु खानेपानी नागी छुम्बो मुहान योजनाको लागि सुख्खा पहिरोको कारण क्षति भएको उक्त योजना मर्मतका लागि बिपद्बाट प्रभावित आकस्मिक पूर्नलाभ शीर्षकबाट रु.६०,०००/- खर्च गरी प्राविधिक इस्टिमेट र सर्जमिन मुचुल्का तथा वडाको सिफारिसको आधारमा पुननिर्माण गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**९.Rodex Consult Pvt.Ltd. को गत वर्षको दायित्व भुक्तानी सम्बन्धमा।**

२०८३/०४/२३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९ प्रस्ताव नं. ९ उपर छलफल गर्दा आ.व. २०८२/८३ को विनियोजित बजेटको श्री काईकोक झरना तथा याङतापा पार्क गुरु योजना निर्माण योजना शिर्षकमा विनियोजित बजेट बाट अन्तिम भुक्तानीको लागि बिल भरपाई पेश गरेको भएतापनि भुक्तानीको लागि भुलवस रु.५०८२३.५० VAT लगायतका बाकी रकम छुट भई सो रकम भुक्तानीका लागि गाउँपालिकामा मिति २०८३/०४/२२ श्री **Rodex Consult Pvt.Ltd.** ले निवेदन पेश गरेको सम्बन्धमा गाउँपालिकाको विविध खर्च खाताबाट उक्त छुट भएको रकम दायित्व रकम भुक्तानी दिने निर्णय सर्वसहमतिले पारित गरियो।

**१०.बालली कृषक समुहबाट संचालित बहुउपयोगी तेल पेल्ने मिल लाई विधुत जडानका लागि तार तथा आवश्यक सामाग्री खरिदका लागि आवश्यक रकम विनियोजन सम्बन्धमा।**

निर्णय नं. १० प्रस्ताव नं. १० उपर छलफल गर्दा बालली कृषक समुहबाट संचालित बहुउपयोगी तेल पेल्ने मिल नियमित रुपमा संचालन गर्नका लागि आवश्यक विधूत जडानका तार तथा आवश्यक सामाग्री खरिदका लागि प्राविधिक इस्टिमेट तथा वडा कार्यालयको सिफारिसको आधारमा निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शीर्षकबाट रु.१,००,०००/- खर्च गरी तत्काल उक्त मिल सुचारु गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**११.कर्मचारी करार विज्ञापन सम्बन्धमा ।**

निर्णय नं. ११ प्रस्ताव नं. ११ उपर छलफल गर्दा गाउँपालिकालाई आवश्यक स्वीकृत दरबन्दीमा प्राविधिक कर्मचारी तथा स्वास्थ्य शाखा अन्तर्गत रिक्त तपशिलका दरबन्दीमा करार विज्ञापन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिलः

१.अ.हे.व. चौथो तह –१
२.स्टाफ नर्स पाँचौं तह - १
३.ल्याव असिस्टेन्ट चौथो तह – १
४.सव इन्जिनियर पाँचौं तह- १

२०८३/०४/२३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत